नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.............................................................. शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

रामशाहपथ,
काठमाडौं, नेपाल।

मिति : २०८३/०१/०४

११४६

**विषय :-** प्रेस विज्ञप्ति

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८२ चैत्र २२ गते राजपत्रमा प्रकाशित सूचना बमोजिम शनिबार र आइतवार दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था लागु भएको सन्दर्भमा स्वास्थ्यकर्मीहरूको मनोबल र हितलाई ध्यानमा राख्दै बिरामीको निरन्तर हेरचाह सुनिश्चित गर्न, सरकारको 'हप्तामा दुई दिन सार्वजनिक बिदा' को नीति अनुरूप आइतवारका पूर्व-निर्धारित शल्यक्रिया (OT) लगायतलाई बिरामीको सहजता हेरी रिसेड्युल गरी अन्तरंग र आकस्मिक सेवाहरू सधैंझैं २४ सै घण्टा सुचारु रहने जानकारी गराईन्छ।

बिदाका दिनहरूमा बिरामीले कुनै सास्ती भोग्न नपरोस् भनी अस्पतालहरूले सम्भव भएसम्मका सेवा प्रदान गर्न, उपलब्ध नभएका सेवाका लागि नजिकैको उपयुक्त अस्पतालमा सहज रूपमा रेफर गर्न र एम्बुलेन्सहरू हरदम तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउन अनुरोध गरिन्छ।

सर्वसाधारणको जानकारीका लागि बिदामा उपलब्ध सेवाहरूको विवरण वेवसाइट तथा सूचनापाटीमार्फत प्रवाह गर्नुपर्नेछ भने स्वास्थ्य मन्त्रालयको 'अस्पताल सुधार कार्यविधि, २०८२' को पूर्ण पालना गर्दै आगामी दिनमा संगठन तथा व्यवस्थापन (O&M) सर्भे सम्पन्न भएपछि स्वास्थ्य सेवालाई थप सुदृढ र परिमार्जन गर्दै लगिने प्रतिवद्धता व्यक्त गर्दछौं।

८।२।१९६।। २०८३/०१/०४

डा. प्रकाश बुढाथोकी
प्रवक्ता एवं
प्रमुख, HEDMU/HEOC

CS Scanned with CamScanner